# आकाशवाणी समाचार- नेपाली

मितिः २६ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा वीर बाल दिवसका अवसरमा प्रधान मन्त्री राष्ट्रिय बाल पुरस्कार प्रदान गर्नुहुनेछ।

२. प्रधान मन्त्री नरेन्द्र मोदीले वीर बाल दिवसको अवसरमा आज नयाँ दिल्लीको भारत मण्डपममा राष्ट्रिय कार्यक्रममा भाग लिनुहुनेछ।

३. गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा आतङ्कवाद विरोधी सम्मेलनको उद्घाटन गर्नुहुनेछ।

४. मौसम विभागले दिल्ली, हरियाणा, चन्डीगढ, पञ्जाब, छत्तिसगढ, झारखण्ड र पश्चिम राजस्थानका केही भागहरूमा शीतलहर पूर्वानुमान गरेको छ।

५. महिला क्रिकेटमा भारत अनि श्रीलंका बीच तेस्रो टी-ट्वेंटी अंतरराष्ट्रीय म्याच आज तिरुवनंतपुरममा हुनेछ ।

## राष्ट्रपति -राष्ट्रीय बाल पुरस्कार

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा वीर बाल दिवसका अवसरमा प्रधान मन्त्री राष्ट्रिय बाल पुरस्कार प्रदान गर्नुहुनेछ। महिला एवम् बाल विकास मन्त्रालयले यस वर्ष १८ राज्य र केन्द्र शासित प्रदेशहरूबाट २० बाल बालिकाहरूलाई यस योजनाको लागि चयन गरिएको जानकारी दिएको छ। उनीहरुले वीरता, खेलकुद, समाजसेवालगायत विभिन्न क्षेत्रमा उत्कृष्ट प्रदर्शन गरेका छन् । सम्मेलनमा प्रधानमन्त्री नरेन्द्र मोदीले बालबालिका र युवालाई सम्बोधन गर्ने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ । कार्यक्रममा वीरता, लगनशीलता र निःस्वार्थ सेवाका घटनालाई उजागर गरिने मन्त्रालयले जनाएको छ । कार्यक्रममा साँस्कृतिक प्रस्तुतीसमेत प्रस्तुत गरिने छ । कार्यक्रममा महिला तथा बाल विकासमन्त्री अन्नपूर्णा देवी पनि सहभागी रहनुहुनेछ ।

## प्रधानमंत्री-वीर बाल दिवस

प्रधान मन्त्री नरेन्द्र मोदी वीर बाल दिवसको अवसरमा आज नयाँ दिल्लीको भारत मण्डपममा राष्ट्रिय कार्यक्रममा भाग लिनुहुनेछ। त्यस अवसरमा प्रधानमन्त्रीले सभालाई सम्बोधन गर्ने कार्यक्रम छ । यस कार्यक्रममा प्रधान मन्त्री राष्ट्रिय बाल पुरस्कार विजेताहरू पनि उपस्थित हुनेछन्। वीर बाल दिवस श्री गुरु गोबिन्द सिंह जीका साहिबजादे बाबा जोरावर सिंह जी र बाबा फतेह सिंह जीको वीर बलिदानलाई श्रद्धांजलि दिन मनाइन्छ। निरंकुशता र कम उमेरमा उनको बलिदानको अगाडि अटुट साहसको प्रतीक भारतीय इतिहासको सबैभन्दा मार्मिक अध्यायहरू मध्ये एक हो। प्रधानमन्त्री मोदीले जनवरी २०२२ मा गुरु गोविन्द सिंहजीको प्रकाश पर्वमा प्रत्येक वर्ष वीर बाल दिवस मनाउने घोषणा गर्नुभएको थियो।

## प्रधानमंत्री- लखनऊ

प्रधान मन्त्री नरेन्द्र मोदीले विगत ११ वर्षदेखि सरकारले समाजका प्रत्येक नागरिकको कल्याणका लागि कडा परिश्रम गरिरहेको छ र उनीहरूलाई बिना कुनै भेदभाव सबै योजनाहरूको लाभ दिइरहेको बताउनुभयो। यो उचित शासन र साँचो धर्मनिरपेक्षताको संकेत रहेको उल्लेख गर्नुभयो। भारतरत्न अटल बिहारी बाजपेयीको १०१ औं जन्मजयन्तीका अवसरमा

लखनउमा आयोजित जनसभालाई सम्बोधन गर्दै मोदीले यस्तो बताउनु भएको हो। उहाँले लखनउमा राष्ट्र प्रेरणा स्थलको उद्घाटन गर्नुभयो। यो स्थान स्वतन्त्र भारतका महान व्यक्तित्वहरूको विरासतको सम्मान गर्न निर्माण गरिएको हो।

यस अवसरमा भारतरत्न अटल बिहारी बाजपेयीलाई सम्झँदै प्रधानमन्त्रीले भन्नुभयो, उहाँले धेरै पहलहरू गर्नुभयो, जसले देशको विकासको परिदृश्य बदल्यो। उहाँले प्रधान मन्त्री ग्राम सडक योजनाको पहलको विशेष उल्लेख गर्नुभयो र भन्नुभयो 2000 पछि यस योजना अन्तर्गत 8 लाख किलोमिटर भन्दा अधिक सडकहरू निर्माण गरिएको छ।

**बाइट**

**शाह-आतंकवाद रोधी सम्मेलन**

केन्द्रीय गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा आतङ्कवाद विरोधी सम्मेलनको उद्घाटन गर्नुहुनेछ। गृह मन्त्रालयले यो दुई दिने सम्मेलन राष्ट्रिय सुरक्षालाई प्रभावित गर्ने मुद्दाहरू र आतङ्कवादबाट उत्पन्न खतराहरूमा विचार-विमर्श गर्न आतङ्कवाद विरोधी अभियानहरूमा संलग्न सैन्य, प्राविधिक, कानूनी र फोरेंसिक विशेषज्ञहरूका लागि एक मञ्च रहेको बताएको छ । सम्मेलनको मुख्य उद्देश्य आतंकवादविरुद्ध समन्वयात्मक कारवाहनका लागि औपचारिक र अनौपचारिक च्यानल निर्माण गरी विभिन्न सरोकारवालाबीच समन्वय सिर्जना गर्ने पनि मन्त्रालयले जनाएको छ ।

सम्मेलनमा विदेशी न्यायालयहरूबाट प्रमाण सङ्कलन गर्ने, डिजिटल फरेन्सिक र आतङ्कवाद विरोधी अनुसन्धानमा डाटा विश्लेषण, राष्ट्रिय सुरक्षाका लागि उदीयमान हाइब्रिड खतराहरू र अन्य सत्रहरू समावेश हुनेछन्।

**रेलवे किराया युक्तिकरण**

रेलवेले यात्रीहरूको सुविधा र सञ्चालनको निरन्तरतालाई सन्तुलनमा राख्नको लागि आजदेखि आफ्नो यात्री भाडा संरचनालाई तर्कसंगत बनाएको छ। संशोधित भाडा संरचना अन्तर्गत उपनगरीय सेवा र सिजन टिकटको भाडामा कुनै परिवर्तन गरिएको छैन। यसमा उपनगरीय र गैर-उपनगरीय दुवै मार्गहरू समावेश छन्। संशोधित भाडा आजदेखि बुक गरिएका टिकटमा मात्र लागू हुनेछ । पहिले बुक गरिएको टिकटमा कुनै अतिरिक्त शुल्क लाग्ने छैन।

**दिल्ली-मुख्यमंत्री अटल कैन्टीन**

दिल्लीका मुख्यमंत्री रेखा गुप्ता अनि केंद्रीय मंत्री मनोहर लालले हिज भारत रत्न तथा पूर्व प्रधानमंत्री अटल बिहारी वाजपेयीको 101 औ जयंतीमा राष्ट्रीय राजधानी दिल्लीमा **अटल क्यान्टिनको** उद्घाटन गर्नु भयो । मीडिया सितको कुरा कानिमा मुख्यमंत्री रेखा गुप्ताले यसलाई आवश्यक परेकाहरु अनि कामगारहरुलाइ अधिक महत्वपूर्ण योजना बताउनु भयो। यस योजना अंतर्गत उनीहरुलाई पांच रुपियामा भोजन उपलब्ध हुनेछ । यस प्रकारको 45 कैंटीन हिज देखि शुरू भएको छ र आगामी 15 दिनमा रहल 55 क्यान्टिन शुरू हुनेछ । यसै बीच श्री मनोहर लालले यस पहलले लाखौ मानिसहरुलाई लाभ हुने बताउनु भयो । उहाले भन्नु भयो यो क्यान्टिन श्री अटल बिहारी वाजपेयीको कुनैपनि व्यक्ति भोकै नसुत्ने सपनालाई साकार पार्नेछ ।

**महाराष्ट्र एटीस- ज़ुबैर**

महाराष्ट्रको आतंकवाद रोधी दस्ता (एटीएस) ले पक्राउ परेका सफ्टवेयर इन्जिनियर जुबैर हंगरगेकरलाई पुनः हिरासतमा लिएको छ। एटीएसले जुबैरको टेलिग्राम अकाउन्टमा अफगानिस्तान र हङकङको इन्टरनेट प्रोटोकल एड्रेस रहेको अनि यस विषयमा जाच जारी रहेको बताएको छ । जुबैर हंगरगेकरलाई भारतीय उपमहाद्वीपमा अलकायदा र अलकायदा जस्ता प्रतिबन्धित संगठनहरूसँग सम्बन्ध रहेको आरोपमा अक्टोबरमा एटीएसले पक्राउ गरेको थियो। उनलाई पुणेको विशेष गैरकानूनी गतिविधि (रोकथाम) अदालतले 3 जनवरी सम्म एटीएस हिरासतमा राखेको छ। एटीएसले उनलाई फेरि अदालतबाट हिरासतमा लिन माग गरेको थियो र भन्यो कि हंगरगेकर र उनका सहयोगीहरूबाट जफत गरिएका इलेक्ट्रोनिक उपकरणहरूले उनीहरूले आई.एस.आई.एस र अल-कायदा जस्ता आतंकवादी समूहहरूको विचारधारा प्रयोग गरेर भारतमा खलीफा शासन स्थापना गर्न र शरिया कानून लागू गरिरहेका थिए।

**बांग्ला - हसीना - अल्पसंख्यक**

बंगलादेशकी अपदस्थ प्रधानमन्त्री शेख हसिनाले मोहम्मद युनुस नेतृत्वको अन्तरिम सरकारले बंगलादेशमा गैरमुस्लिम

समुदायमाथि अकल्पनीय अत्याचार गरिरहेको बताउनु भएको छ। हसिनाका अनुसार अवैध रूपमा सत्ता कब्जा गरेको वर्तमान सरकारले धार्मिक अल्पसंख्यकहरूलाई जलाउने र मार्ने जस्ता हृदयविदारक घटनाहरू गरिरहेको छ। उहाँले गत हप्ता बंगलादेशमा एक हिन्दू पुरुषको हत्या गरेको घटनालाई उद्धृत गर्दैं यस्तो बताउनु भएको हो। हिजो आफ्नो क्रिसमसको सन्देशमा हसिनाले युनुस सरकारले सबै धर्म र समुदायका मानिसहरूलाई आफ्नो धर्म मान्ने स्वतन्त्रतामा हस्तक्षेप गरेको आरोप लगाएकी बताउदै अब बङ्गलादेशका जनताले यस कठिन समयलाई अब लामो समयसम्म रहन नदिने विश्वास व्यक्त गर्नुभयो
गत वर्ष अगस्टमा हसिना सरकार सत्ताबाट हटाइएपछि बंगलादेशमा अल्पसंख्यक समुदायमाथि भएका शृंखलाबद्ध घटनाबाट हिन्दू समुदाय प्रभावित भएका छन्।

**नेपाल-भारत पुल**

भारतका लागि नेपाली राजदूत शंकर प्रसाद शर्माले भारतको पिथौरागढ जिल्लाको चारचोमा काली नदीमा निर्माण भइरहेको मोटर वाहन पुलको निरीक्षण गर्नु भयो। श्री शर्माले नेपाली दूतावासका अधिकारीहरु सितै पुलको निरीक्षण गरेपछि पुल चाँडै खुल्ने अपेक्षा गरिएको बताउनु भयो। उहाँले पुल निर्माणले नेपाल र भारतबीचको सम्बन्धलाई अझ सुदृढ़ बनाउने बताउनु भयो। उत्तराखण्डको चम्पावत जिल्लाको बनवासामा पुल बनेपछि नेपाल–भारत सीमामा निर्माण हुने यो दोस्रो मोटर पुल हो।

**मौसम**

मौसम विभागले दिल्ली, हरियाणा, चन्डीगढ, पञ्जाब, छत्तिसगढ, झारखण्ड र पश्चिम राजस्थानका केही भागहरूमा शीतलहर पूर्वानुमान गरेको छ। आज उत्तर प्रदेश, बिहार, पश्चिम बंगाल, सिक्किम र उत्तराखण्डमा शीतलहर चल्ने सम्भावना छ। दिल्ली, हरियाणा, चण्डीगढ, अरुणाचल प्रदेश, हिमाचल प्रदेश, जम्मू–कश्मीर, लद्दाख, उडिसा, सिक्किम, पश्चिम बंगाल र उत्तरपूर्वी क्षेत्रमा बाक्लो कुहिरो लाग्ने अनुमान गरिएको छ।

यसैबीच, दिल्ली-एनसीआरमा वायुको गुणस्तर 'धेरै खराब' श्रेणीमा रहेको छ। केन्द्रीय प्रदूषण नियन्त्रण बोर्डका अनुसार आज बिहान ६ बजे राष्ट्रिय राजधानीको औसत वायु गुणस्तर सूचकांक (एक्यूआई) २९२ रेकर्ड गरिएको छ।

**महिला क्रिकेट**

महिला क्रिकेटमा भारत अनि श्रीलंका बीच तेस्रो टी-ट्वेंटी अंतरराष्ट्रीय म्याच आज तिरुवनंतपुरममा हुनेछ। म्याच साझ सात बजे शुरू हुनेछ। पांच म्याचको श्रृंखलामा भारत 2-0 ले अघि रहको छ।

आइतबारको पहिलो म्याचमा भारतले श्रीलंकालाई आठ विकेटले हराएको थियो, मंगलवार खेलिएको दोस्रो म्याचमा श्रीलंकाले सात विकेटको हारको सामना गर्नु परेको थियो।

****** ० ******